apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# अपन दैनिक

Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

लेखरचना, समाचार वा विज्ञापन पठाउदा बेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ ।

● वर्ष: १२ ● अंक: २४० ● पृष्ठ: ४ ● ३० भदौ २०८३ मंगलबार (15 September 2026. Tuesday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्य: रु.५/

## विवाद मिलाउन मधेशमा रास्वपाको विशेष टोली परिचालन



**रुन्केश कामती/अपन दैनिक**
**सिरहा, भदौ २९ गते**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले मधेश प्रदेशको विवाद मिलाउन विशेष टोली बनाएर खटाएको छ।

रास्वपाको प्रथम महाधिवेशन गत असार दोस्रो साता चितवनमा सम्पन्न भएको थियो। तर मधेश प्रदेशका आठ जिल्लामध्ये पर्सा बाहेकका अन्य सात वटा जिल्लामा अझैसम्म अधिवेशन हुन सकेको छैन ।

यस सन्दर्भमा रास्वपाले विशेष टोली परिचालन गरेको हो।

यही भदौ ५ गते बसेको रास्वपाको केन्द्रीय समिति बैठकले पार्टीका सहमहामन्त्री हरि ढकालको संयोजकत्वमा 'मधेश प्रदेश संगठन अडिट समिति' गठन गरेको थियो।

उक्त समितिले स्थलगत रूपमै पुगेर छलफल र संवाद गरिरहेको छ । सहमहामन्त्री हरि ढकाल नेतृत्वको अडिट समितिमा नेताहरू सुरेन्द्र चौधरी, अशोककुमार चौधरी, प्रमोद न्यौपाने, जगदीश खरेल र पुनम अग्रवाल सदस्य रहेका छन ।

अडिट समितिले समितिले पर्सा जिल्लाबाट छलफल सुरु गरेको थियो। पर्साबाट बारा, रौतहट, सर्लाही, जनकपुर र महोत्तरीमा अडिट सम्पन्न गरेको छ। सोमबार सिरहा र सप्तरीमा छलफल छ।

सात वटै जिल्लामा छलफल गरेर संगठन अडिट गर्दै विवाद समाधानको उपायसहित विशेष टोली काठमाडौं फर्किनेछ।

रास्वपाका एक नेताका अनुसार, सांसद र संगठन बिचको रस्साकस्सीले मधेशमा अधिवेशन सम्पन्न गर्न नसकिएको हो। यसपछि चितवनमा सम्पन्न महाधिवेशनमा मधेशका पर्सा जिल्ला बाहेक अन्य जिल्लाहरूको पुरानै प्रतिनिधिहरूले सहभागीता जनाएका थिए।

पर्सामा समेत समन्य विवादपछि तोकिएको दिन भन्दा एक दिन ढिलोगरी अधिवेशन भएको थियो। पर्सामा पनि निर्वाचित सांसद र संगठनबीच रस्साकस्सी भएको थियो। प्रतिस्पर्धामा भने तत्कालीन जिल्ला सभापति हरि पन्त विजयी भएका थिए।

बाँकी जिल्लाको अधिवेशन गराउने गरी रास्वपाले विवाद समाधानका लागि काम गर्दैछ । यस निम्ति रास्वपाको केन्द्रीय समितिले नै सहमहामन्त्री ढकालको संयोजकत्वमा 'मधेश प्रदेश संगठन अडिट समिति' गठन गरेको हो।

यो विशेष टोलीले हाल उक्त स्थलगत रूपमै छलफल र संवाद गरिरहेको छ। टोलीका एक सदस्यका अनुसार सिरहा र सप्तरीमा छलफल सकाएर बुधबार काठमाडौं फर्किने तयारी छ।

त्यसपछि रास्वपा सभापति रवि लामिछाने मधेश प्रदेश जाने तयारी छ।

त्यसक्रममा सभापति लामिछानेले विशेष टोलीले पहिचान गरेको समस्या र सुझाएको समाधानको उपाय समेतका आधारमा मधेशको विवाद समाधानका लागि पहल लिनेछन्।

## गोलबजारमा १२ वर्षपछि गाउँ ब्लक जग्गा दर्ता प्रक्रिया अघि बढ्यो




**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ २९ गते**

जग्गा नापी भएको करिब १२ वर्षपछि सिरहाको गोलबजार नगरपालिका-२, लालपुरमा गाउँ ब्लक जग्गा दर्ता प्रक्रिया अघि बढेको छ । वडा कार्यालयले सम्बन्धित जग्गाधनीलाई आफ्नो भोगचलनमा रहेको गाउँ ब्लक जग्गाको साँध-सीमाना छुट्याई दर्ताका लागि निवेदन दिन सातदिने सूचना जारी गरेको छ।

गोलबजार-२ वडा कार्यालयले सूचना जारी गर्दै साबिक लालपुर गाविसका वडा नं. २ देखि ८ सम्मका गाउँ ब्लक जग्गा भोगचलन गरिरहेका जग्गाधनीलाई सात दिनभित्र वडा कार्यालयमा निवेदन दिन आग्रह गरेको हो।

बाँकी पृष्ठ ३ ▸▸

## अस्थायी कर्मचारीको दरबन्दी स्वीकृत नभएपछि मधेशको स्वास्थ्य सेवा प्रभावित




**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ २९ गते**

मधेश प्रदेशका स्वास्थ्य संस्थामा अस्थायी दरबन्दीमा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी तथा कर्मचारीको हाजिरी रोकिएपछि स्वास्थ्य सेवा प्रभावित हुन थालेको छ। आर्थिक वर्ष सुरु भएको करिब दुई महिना पुग्न लाग्दासमेत अस्थायी दरबन्दी स्वीकृत हुने वा नहुने टुंगो नलाग्दा अस्पताल तथा स्वास्थ्य संस्थामा जनशक्ति व्यवस्थापन अस्तव्यस्त हुन थालेको हो।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गत असार मसान्तसम्म अस्थायी दरबन्दीमा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी तथा कर्मचारीलाई चालु आर्थिक वर्ष २०८३/८४ का लागि दरबन्दी मन्त्रिपरिषद्बाट स्वीकृत नभएसम्म काममा नखटाउन र हाजिर नगराउन निर्देशन दिएको छ।

मन्त्रालयका वरिष्ठ उपसचिव तथा सूचना अधिकारी राजेशकुमार मिश्रका अनुसार २४ भदौको मन्त्रीस्तरीय निर्णयपछि प्रदेश स्वास्थ्य निर्देशनालय, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, प्रदेश जनस्वास्थ्य प्रयोगशाला, प्रदेश स्वास्थ्य तालिम केन्द्र, प्रादेशिक अस्पताल, स्वास्थ्य कार्यालय तथा प्रादेशिक आयुर्वेद तथा वैकल्पिक चिकित्सालयलाई यस्तो निर्देशन दिइएको हो।

अस्थायी जनशक्तिको हाजिरी रोकिएपछि अस्पतालमा आवश्यक जनशक्ति अभाव देखिन थालेको स्वास्थ्य संस्थाहरूले बताएका छन्। चिकित्सक, नर्स तथा अन्य स्वास्थ्यकर्मीको संख्या घट्दा नियमित सेवा सञ्चालनमा समेत दबाब बढ्न थालेको हो।

मन्त्रालयका अनुसार गत आर्थिक वर्षको अन्त्यसम्म मधेश प्रदेशका विभिन्न अस्पतालमा ४ सय ३२ जना चिकित्सक, स्वास्थ्यकर्मी तथा कर्मचारी अस्थायी दरबन्दीमा कार्यरत थिए। प्रदेश स्वास्थ्य निर्देशनालय, स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, जनस्वास्थ्य प्रयोगशाला, स्वास्थ्य तालिम केन्द्र, प्रादेशिक अस्पताल र स्वास्थ्य कार्यालयलगायतका निकायमा थप ३ सय ४२ जना अस्थायी जनशक्ति कार्यरत थिए।

यसरी गत आर्थिक वर्षको अन्त्यसम्म प्रदेशभर ७ सय ७४ जना स्वास्थ्यकर्मी तथा कर्मचारी अस्थायी दरबन्दीमा कार्यरत थिए। तीमध्ये केही स्थायी नियुक्ति तथा पदस्थापनमा गइसकेका छन् भने केही अन्यत्र गएपछि करिब १ सय ५० स्थान रिक्त रहेको सूचना अधिकारी मिश्रले बताए।

हरेक आर्थिक वर्ष स्वास्थ्य

बाँकी पृष्ठ ३ ▸▸

## जलवायु अनुकूलनका अनुभव आदान-प्रदान गर्न मुख्यमन्त्री यादव मनिला प्रस्थान




**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ २९ गते**

मधेश प्रदेशका मुख्यमन्त्री कृष्ण यादव जलवायु परिवर्तनका कारण प्रदेशले भोगिरहेको जोखिम, अनुकूलनका उपाय तथा सम्भावित लगानीका विषयमा अन्तर्राष्ट्रिय अनुभव आदान-प्रदान गर्न फिलिपिन्सको राजधानी मनिला प्रस्थान गर्नुभएको छ।

नेपाल सरकार, मन्त्रिपरिषद्को भदौ २५ गतेको निर्णयअनुसार मुख्यमन्त्री यादवसँगै कृषि निर्देशनालयका निर्देशक जितेन्द्र यादव पनि मनिला जानुभएको छ । उहाँहरू सेप्टेम्बर १५ र १६ मा आयोजना हुने 'थर्ड क्लाइमेट एडप्टेसन इन्भेस्टमेन्ट प्लानिङ फोरम-२०२६' मा सहभागी हुनुहुनेछ।

मुख्यमन्त्री यादव र निर्देशक यादव गत राति थाइ एयरमार्फत मनिला प्रस्थान गर्नुभएको हो । उहाँहरूको भ्रमणबाट नेपाल सरकार तथा मधेश प्रदेश सरकारलाई थप आर्थिक दायित्व नपर्ने बताइएको छ। जलवायु परिवर्तनका कारण मधेश प्रदेश पछिल्लो समय बाढी, डुबान, सुख्खा, अत्यधिक गर्मी, कृषि उत्पादनमा अस्थिरता तथा भूमिगत पानीको सतहमा आएको परिवर्तनजस्ता बहुआयामिक जोखिमको सामना गरिरहेको छ। यसले कृषि, खानेपानी, जनस्वास्थ्य तथा स्थानीय अर्थतन्त्रमा प्रत्यक्ष प्रभाव पार्दै आएको छ।

विशेषगरी कृषिमा निर्भर मधेशमा अनियमित वर्षा, समयमा पानी नपर्नु, एकैपटक अत्यधिक वर्षा हुनु तथा लामो समयसम्म

बाँकी पृष्ठ ४ ▸▸

## प्रधानमन्त्री बालेनलाई मौलापुरकी मेयरको ५ बुँदे अपिल




**अपन दैनिक संवाददाता**
**रौतहट, भदौ २९ गते**

रौतहटको मौलापुर नगरपालिकाकी मेयर रिना कुमारी साहले बिभिन्न पाँच बुँदामा सरकारको ध्यानाकर्षण गरेकी छन्। प्रधानमन्त्री बालेन्द्र शाहलाई सम्बोधन गरेर सार्वजनिक अपिल जारी गर्दै उनले मौलापुर नगरपालिका पुरै अस्तव्यस्त रहेको बताएकी छन्।

संघीय सरकारका कारण पूर्णरुपमा ठप्प भएको भनेर उनले ध्यानाकर्षण गरेकी हुन्। 'मेरो पहिलो कार्यकालको प्रथम आ.व. २०७४/०७५ देखि आ.व. २०८१ / ०८२ सम्म ९० प्रतिशत भन्दा बढी वित्तिय तथा भौतिक प्रगति गर्दै आएको यस नगरपालिकाले यहाँको सरकार गठन पश्चात संघीय सरकारको अनुचित हस्तक्षेप र कुदृष्टि परेको कारण गत आ.व. २०८२ /०८३ मा बजेट खर्च ५०.६८ प्रतिशतमा झरेको छ', अपिलमा उल्लेख छ।

संघीय सरकारले आफू नेतृत्वको नगरपालिकाका लागि खटाईएको उपसचिव प्रमुख प्रशासकीय अधिकृतले जनताका आधारभूत सेवाहरु विजुली, खानेपानी, सिंचाइ

बाँकी पृष्ठ २ ▸▸

## सिरहामा करेन्ट लागेर ५ वर्षीय बालकको मृत्यु

**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ २९ गते**

सिरहामा करेन्ट लागेर ५ वर्षीय बालकको मृत्यु भएको छ।

सिरहा नगरपालिका-१८ लक्ष्मीनिया टोलका बिलेधन यादवका छोरा ५ वर्षीय कौसल यादवको सोमबार दिउँसो करेन्ट लागेर मृत्यु भएको हो।

प्रहरीका अनुसार आफ्नै घरमा रहेको विद्युतीय मोटर जडित पानी तान्ने कलबाट करेन्ट लागेर कौसल गम्भीर घाइते भएका थिए।

घाइते बालकलाई उपचारका लागि प्रादेशिक अस्पताल सिरहा लगिएको थियो। उपचारका क्रममा उनको मृत्यु भएको प्रहरीले जनाएको छ।



प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान

**प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।**

# सम्पादकीय...

## विद्यालयमा नवप्रवर्तन र एआई

विद्यालय शिक्षा पाठ्यपुस्तक पढाउने र परीक्षा उत्तीर्ण गराउने माध्यम मात्र हुनुहुँदैन । बदलिँदो विश्व परिवेशमा शिक्षा विद्यार्थीलाई सिर्जनशील, अनुसन्धानमुखी, प्रविधिमैत्री र समस्याको व्यावहारिक समाधान खोज्न सक्ने बनाउन केन्द्रित हुनुपर्छ । विज्ञान तथा प्रविधिको तीव्र विकास भइरहेको वर्तमान समयमा विद्यालय तहदेखि नै विद्यार्थीमा वैज्ञानिक सोच र नवप्रवर्तनको संस्कार विकास गर्नु अपरिहार्य भइसकेको छ। सिरहामा सम्पन्न जिल्ला स्तरीय विज्ञान तथा प्रविधि प्रदर्शनीले पनि यही आवश्यकतालाई उजागर गरेको छ। मिर्चैयास्थित मोहन माध्यमिक विद्यालयको आयोजनामा भएको प्रदर्शनीमा सिरहा सदरमुकामको माउन्ट एभरेस्ट बोर्डिङ स्कुलका विद्यार्थीहरूले तयार पारेको 'स्मार्ट ड्रिम म्युनिसिपालिटी' परियोजना प्रथम हुनु सामान्य उपलब्धि मात्र होइन। स्थानीय तहको सेवा प्रवाहलाई आधुनिक प्रविधिसँग जोडेर विद्यार्थीहरूले प्रस्तुत गरेको अवधारणाले विद्यालयका बालबालिकामा रहेको सिर्जनशीलता, वैज्ञानिक सोच र प्रविधिको प्रयोग गर्ने क्षमता देखाएको छ । परियोजनामा एआई क्रस बोर्डर आइडेन्टिफिकेसन सिस्टम, एआई वेस्ट सेग्रिगेसन सिस्टम, एआई ड्रोन सिस्टम, एआई वाटर फ्लो मोनिटरिङ, एआई वाटर इरिगेसन, अर्थक्वेक डिटेक्सन तथा टु-वे ट्राफिक लाइटलगायतका प्रविधि समावेश हुनु आफैंमा उत्साहजनक पक्ष हो। अझ महत्वपूर्ण कुरा के हो भने विद्यार्थीहरूले विज्ञानलाई प्रयोगशालाको विषयका रूपमा होइन, समाजमा देखिएका वास्तविक समस्या समाधान गर्ने माध्यमका रूपमा बुझ्न थालेका छन्।

प्रदर्शनीमा जिल्लाभरका ३३ विद्यालयको सहभागिता हुनु पनि सकारात्मक संकेत हो। तर यस्ता कार्यक्रमलाई वार्षिक प्रदर्शनी र प्रतियोगितामा सीमित राखेर मात्र पुग्दैन । विद्यालयको नियमित शिक्षण सिकाइमै विज्ञान, प्रविधि, अनुसन्धान, रोबोटिक्स, कोडिङ, आर्टिफिसियल इन्टेलिजेन्स र नवप्रवर्तनलाई स्थान दिन आवश्यक छ। आजको विश्वमा एआई शिक्षा विलासिता होइन, आवश्यकता बन्दै गएको छ। विद्यार्थीले एआई प्रयोग गर्न मात्र होइन, यसको सम्भावना, सीमितता, नैतिकता र जिम्मेवार प्रयोगबारे पनि सिक्नुपर्छ । स्थानीय समस्या पहिचान गरेर प्रविधिको प्रयोगबाट समाधान खोज्ने वातावरण विद्यालयमै निर्माण गर्न सके भविष्यका वैज्ञानिक, इन्जिनियर, अनुसन्धानकर्ता र प्रविधि उद्यमी उत्पादन गर्न सकिन्छ। यसका लागि विद्यालय, स्थानीय तह र प्रदेश सरकारले सहकार्य गर्नुपर्छ। प्रत्येक विद्यालयमा आवश्यकताअनुसार विज्ञान प्रयोगशाला, कम्प्युटर तथा एआईसम्बन्धी सिकाइको व्यवस्था, शिक्षकको क्षमता विकास र विद्यार्थीलाई अनुसन्धान तथा परियोजनामा आधारित शिक्षाको अवसर उपलब्ध गराउनुपर्छ। विज्ञान प्रदर्शनीमा उत्कृष्ट हुने विद्यार्थीलाई पुरस्कार दिएर मात्र होइन, उनीहरूका परियोजनालाई थप विकास गर्ने अवसर र स्रोत उपलब्ध गराउनु पनि उत्तिकै आवश्यक छ।

सिरहाजस्ता जिल्लामा प्रतिभाको कमी छैन । अवसर, स्रोत र सही मार्गदर्शनको कमी छ । माउन्ट एभरेस्टका विद्यार्थीले प्रस्तुत गरेको स्मार्ट नगरपालिकाको अवधारणा होस् वा अन्य विद्यालयका विद्यार्थीले प्रस्तुत गरेका नवीन परियोजना । यी प्रतिभालाई प्रोत्साहन गर्ने हो भने विद्यालय नै नवप्रवर्तनको केन्द्र बन्न सक्छन् । शिक्षाको उद्देश्य 'कति नम्बर आयो' भन्ने प्रश्नमा सीमित हुनुहुँदैन । विद्यार्थीले 'के नयाँ सोच्यो ?', 'कुन समस्या पहिचान गर्‍यो ?' र 'त्यसको समाधान कसरी खोज्यो ?' भन्ने प्रश्न पनि महत्वपूर्ण बन्नुपर्छ । त्यसैले अब विद्यालय शिक्षाको प्राथमिकता बदल्ने बेला आएको छ ।

विज्ञानमा जिज्ञासा, प्रविधिमा दक्षता, एआईमा ज्ञान र नवप्रवर्तनमा अवसर हुनु पर्छ। यिनै आधारमा भविष्यको शिक्षा निर्माण गर्नुपर्छ। आजका विद्यार्थीलाई रोजगारी खोज्ने जनशक्ति होइन, नयाँ सम्भावना सिर्जना गर्ने जनशक्तिका रूपमा तयार पार्न सके मात्र हाम्रो शिक्षा समयअनुकूल र राष्ट्रको आवश्यकता पूरा गर्ने शिक्षा बन्न सक्छ।

**लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ ।**

AD
अपन दैनिक
*सिरहा नगरपालिका ७, पंचमुखी हनुमानजी चौक,*
*मधेश प्रदेश सिरहा नेपाल*

# सिंहदरबारबाट कक्षाकोठासम्म: समयसापेक्ष शिक्षा नीति आवश्यक



नेपाल सरकारले 'विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप-२०७६' परिमार्जनका लागि अहिले देशभरबाट सुझाव तथा पृष्ठपोषण संकलन गरिरहेको छ ।

पाठ्यक्रमलाई समयसापेक्ष, व्यावहारिक, जीवनोपयोगी र विद्यार्थीमैत्री बनाउने उद्देश्यले सुरु गरिएको यो प्रक्रिया केवल औपचारिक सुझाव संकलनमा सीमित नरहेर विद्यालय तहको वास्तविक अवस्था बुझ्ने प्रयासका रूपमा अघि बढेको छ ।

पाठ्यक्रम विकास केन्द्रअन्तर्गत गठित राष्ट्रिय पाठ्यक्रम प्रारूप परिमार्जन कार्यदलले सातै प्रदेशका २८ जिल्लामा पुगेर शिक्षक, विद्यार्थी, प्रधानाध्यापक, अभिभावक, शिक्षाविद्, नीतिनिर्माता, स्थानीय तह तथा अन्य सरोकार भएका निकायका प्रतिनिधिसँग प्रत्यक्ष संवाद गरिरहेको छ ।

कार्यदलको सात वटा टोलीले भदौ ३० गतेसम्म स्थलगत क्षेत्रमा खटिएर सुझाव संकलन गर्ने र त्यसपछि ७७ वटै शिक्षा विकास तथा समन्वय एकाइ तथा केन्द्रको वेबसाइटमार्फत पनि आवश्यक रायसुझाव लिने तयारी गरेको छ ।

राष्ट्रिय पाठ्यक्रम तथा मूल्याङ्कन परिषद्को ९८औं बैठकको निर्णयअनुसार गत वैशाखमा प्राडा बालचन्द्र लुइँटेलको संयोजकत्वमा राष्ट्रिय पाठ्यक्रम प्रारूप परिमार्जन कार्यदल गठन गरिएको थियो । कार्यदलअन्तर्गत १२ वटा विषयगत समूह छन् । यसले अहिले भइरहेको प्रक्रिया आकस्मिक राजनीतिक कार्यक्रमभन्दा संस्थागत प्रक्रियाका रूपमा अगाडि बढाएको छ ।

यस अभियानमा शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेल आफै विभिन्न जिल्लामा पुगेर सरोकार भएका निकायका प्रतिनिधिसँग प्रत्यक्ष संवाद गरिरहेका छन् । मधेश प्रदेशका धनुषा, महोत्तरी, सिरहा, सप्तरीलगायत जिल्लामा पुगेर उनले शिक्षक, विद्यार्थी, अभिभावक तथा स्थानीय सरोकार भएका निकायका प्रतिनिधिसँग छलफल गरी समस्या बुझ्ने र सुझाव संकलन गरिरहेका छन् ।

तर पाठ्यक्रम परिमार्जनको प्रश्न पाठ्यपुस्तकमा कुन विषय थप्ने वा हटाउने भन्नेमा मात्र सीमित छैन । आजको शिक्षा प्रणालीले शिक्षण विधि कस्तो बनाउने, विद्यार्थीलाई कसरी सक्रिय सिकाइमा जोड्ने, शिक्षकका समस्या कसरी समाधान गर्ने र विद्यालय शिक्षालाई प्रविधि तथा रोजगारीको बदलिँदो संसारसँग कसरी जोड्ने भन्ने प्रश्नको समेत जवाफ खोज्नुपर्छ ।

कृत्रिम बुद्धिमत्ता (एआई) को तीव्र विकासले शिक्षाको परम्परागत ढाँचामाथि नै प्रश्न सिर्जना गरेको छ । विद्यार्थीले अब पाठ्यपुस्तकबाट सूचना मात्र प्राप्त गर्नुका साथै सूचना पहिचान गर्ने, विश्लेषण गर्ने, सिर्जनात्मक रूपमा प्रयोग गर्ने र प्रविधिको जिम्मेवार उपयोग गर्ने सीप पनि सिक्नुपर्ने आवश्यकता छ । उद्यमशीलता, व्यावसायिक सीप र रोजगार बजारको बदलिँदो स्वरूपसँग विद्यालय शिक्षालाई जोड्नु पनि चुनौती बनेको राष्ट्रिय पाठ्यक्रम प्रारूप परिमार्जन कार्यदलका संयोजक प्राडा लुइँटेलले बताए । उनका अनुसार यी प्रश्नको जवाफ काठमाडौंका बैठक र प्रतिवेदनले मात्र दिन सक्दैनन् । त्यसका लागि कक्षाकोठामै पुग्नुपर्छ ।

**सिरहाको घटनाले उठाएको प्रश्न**

पाठ्यक्रम परिमार्जनका लागि भइरहेको प्रत्यक्ष संवादका क्रममा सिरहाको औरही गाउँपालिकामा भएको एउटा घटनाले भने केही समय मूल विषयलाई ओझेलमा पारिदिएको शिक्षामन्त्रीका प्रमुख सल्लाहकार शैलेन्द्र झाले बताए ।

"सुझाव संकलनका क्रममा विभिन्न सरोकारवालाले आफ्ना धारणा राखेपछि मन्त्रीले सम्बोधन सुरु गरेका थिए । त्यस क्रममा आफूहरूले पनि बोल्न पाउनुपर्ने मागसहित केहीबेर होहल्ला भएको दृश्य सार्वजनिक भयो । त्यसपछि मन्त्री कार्यक्रमबाट बाहिरिएको सामाजिक सञ्जाल र सञ्चारमाध्यममा चर्चाको विषय बन्यो", उनले भने । कतिपयले घटनामा मन्त्रीलाई कार्यक्रमबाट 'लखेटिएको' अर्थमा प्रस्तुत गरे पनि वास्तविकता त्यस्तो नभएको उनको भनाइ छ ।

मन्त्री पोखरेलले भने सामाजिक सञ्जालमार्फत घटनाको वास्तविकता फरक रहेको स्पष्ट पारे । उनका अनुसार कार्यक्रमको निर्धारित छलफल पूरा भएपछि टोली अर्को कार्यक्रममा अघि बढेको थियो । त्यसपछि सोही जिल्लामा फरक क्षमता भएका विद्यार्थी अध्ययन गर्ने आवासीय विद्यालय तथा मदरसामा पुगेर त्यहाँका समस्या र सुझाव संकलन गरिएको उनको भनाइ छ ।

यो घटनाले भने शिक्षा सुधारका कार्यक्रममा संवादको संस्कृतिबारे एउटा महत्वपूर्ण प्रश्न उठाएको छ । लोकतन्त्रमा मन्त्रीसँग प्रश्न गर्न पाइन्छ । सरकारका नीतिमाथि असहमति जनाउन पाइन्छ। आफ्ना समस्या र धारणा राख्न माग गर्न पनि पाइन्छ । तर अधिकारसँगै संवादको मर्यादा कायम गर्ने दायित्व पनि उत्तिकै महत्त्वपूर्ण हुने प्रमुख सल्लाहकार झाले बताए।

शिक्षा सुधार जस्तो विषयमा त बहस झन् आवश्यक हुन्छ । पाठ्यक्रमको भार घटाउने कि नघटाउने ?, परीक्षा प्रणाली परिवर्तन गर्ने कि नगर्ने ?, प्राविधिक तथा व्यावसायिक शिक्षालाई विद्यालय तहदेखि कसरी जोड्ने ?, एआईलाई शिक्षामा अवसरका रूपमा कसरी प्रयोग गर्ने ?, शिक्षकको क्षमता कसरी बढाउने ?, ग्रामीण र सहरी विद्यालयबीचको गुणस्तरीय खाँडल कसरी कम गर्ने ? लगायत प्रश्नमा फरक मत आउनु स्वाभाविक रहेको प्राडा लुइँटेलले धारणा राखे ।

**मधेशका विद्यालय शिक्षामा आझै चुनौती**

नेपालको विद्यालय शिक्षाको चुनौती सबै ठाउँमा समान नभएको शिक्षामन्त्रीका प्रमुख सल्लाहकार झाले बताए। हिमाली जिल्लाको विद्यालयले भोग्ने समस्या र मधेशको विद्यालयको समस्या फरक हुनसक्छ। सहरी क्षेत्रका विद्यार्थीले पाउने प्रविधिको पहुँच र दुर्गम क्षेत्रका विद्यार्थीको अवस्था एउटै छैन ।

मधेश प्रदेशमा विद्यालय शिक्षाको गुणस्तर, विद्यार्थीको पहुँच, विद्यालय छाड्ने समस्या, पूर्वाधार, शिक्षक व्यवस्थापन तथा प्राविधिक शिक्षाको पहुँच जस्ता विषयमा विशेष ध्यान आवश्यक छ। त्यसैले त्यहाँ भइरहेको प्रत्यक्ष संवादको महत्व अझ बढी देखिएको उनले बताए।

मन्त्री पोखरेलले मधेश प्रदेशमा त्रिभुवन विश्वविद्यालयअन्तर्गत इन्जिनियरिङ अध्ययन संस्थानको नयाँ क्याम्पस स्थापना गर्ने पहल अघि बढाइएको बताए । मधेशका विद्यार्थीलाई इन्जिनियरिङ अध्ययनका लागि काठमाडौं वा अन्य प्रदेशमा जानुपर्ने बाध्यता कम गर्ने उद्देश्यले

बाँकी पृष्ठ ४ ▶▶

## प्रधानमन्त्री बालेनलाई मौलापुरकी मेयर ..........

महसुलका साथै एकिकृत दलित वस्ति निर्माण, पशु पकेट विकास कार्यक्रम अगाडि बढाउन नचाहेको बताएकी छन् ।

साथै, बहुक्षेत्रिय पोषण कार्यक्रम, खानेपानीका लागि डिप बोरीङतर्फ शून्य बजेट खर्च गरेका कारण दलित विपन्न, कुपोषणको जोखिममा रहेका सिमान्तकृत समुदाय, कृषक एवं सुख्खाबाट प्रभावित आम जनसमुदाय सेवाबाट बञ्चित हुन पुगेको स्मरण गराएकी छन् ।

स्थापनाकाल देखि ९ वटा बजेट अधिवेशन प्रत्येक वर्ष असार मसान्तभित्र सम्पन्न गर्दै आएको नगरपालिकाको १०औं बजेट अधिवेसन हाकिम विहिनताको कारण असार मसान्तभित्र पारित हुन नसकेको उल्लेख गरेकी छन्

'२०८३ साल असार १२ गतेबाट सम्पर्क विहिन रहेको हाकिम खोज्न म स्वयं असार २२ गते मन्त्रालय पुग्दा सचिवज्यू र मन्त्रिज्यूले दर्शन भेट दिन पनि अस्विकार गर्नुभयो' उनले भनेकी छन्, 'सम्पर्क विहिन रहेका प्रप्रअलाइ कारबाही गरि कार्यालयमा फर्काउनुको सट्टा निजलाइ प्रोत्साहन दिइ अन्यत्र सरुवा गरियो जसका कारण जनजिविकासंग जोडिएको करोडौं रकम खर्च हुन नसकी फीज हुन पुग्यो ।'

बदनियतपूर्ण तरिकाले असार मसान्त समाप्ति पछि संघीय सरकारले खटाएको प्रप्रअ २०८३ साल साउन ४ गतेबाट कार्यालयमा हाजिर भएको तर २०८३ साल भदौ ५ गतेबाट विना जानकारी अनुपस्थित रहेको बताएकी छन् । उनले लेखेकी छन्, 'हाकिम विहिनताको अवस्था कायमै छ ।'

यहाँनेर उनले बालेन्द्र शाह काठमाडौं महानगरपालिकको मेयर भएको समय स्मरण गरेकी छन् । 'सम्माननीयज्यू आफैं काठमाण्डौ महानगरको प्रमुख हुनुहुँदा प्रमुख प्रशासकीय अधिकृत नहुँदाको पीडा र अनुभव भोगिसक्नु भएकोले निम्नानुसारका सल्लाहका लागि विनम्र अनुरोध छ ।'

पूर्व नगर प्रमुखको नाताले हाकिम विहिनताको अवस्थाको कारण प्रधानमन्त्री आफैंले भोगिसकेको अनुभवलाई आत्मसात गर्दै आफ्नो नगरपालिकालाई थप अस्तव्यस्त हुनबाट जोगाउन अविलम्ब प्रमुख प्रशासकीय अधिकृतको व्यवस्था गर्न माग गर्दै उनले ५ बुँदे सार्वजनिक अपिल गरेकी हुन् ।

## आजको राशिफल

**मेष :** साझेदारी व्यवसायमा ठूलो सफलता मिल्नेछ। दाम्पत्य जीवन अत्यन्तै सुखी र आनन्दमय रहनेछ।

**बृष :** तर्कशक्ति र पराक्रमद्वारा विरोधी तथा शत्रुहरू परास्त हुनेछन्। पुराना रोग तथा स्वास्थ्य समस्याबाट मुक्ति मिल्नेछ।

**मिथुन :** बौद्धिक कार्य तथा सिर्जनात्मक क्षेत्रमा विशेष सफलता हासिल हुनेछ।

**कर्कट :** जग्गाजमिन, सवारी साधन वा भौतिक सम्पत्तिको कारोबारबाट राम्रो लाभ लिन सकिनेछ।

**सिंह :** तपाईंको पराक्रम र आत्मविश्वासमा अभूतपूर्व बृद्धि हुनेछ। छोटो तथा रमाइलो यात्राको योग रहेको छ।

**कन्या :** आज बोलीको प्रभावले महत्त्वपूर्ण कामहरू बन्नेछन्। पारिवारिक सुख र शान्तिको वातावरण कायम रहनेछ।

**तुला :** चन्द्रमा तपाईंको आफ्नै राशिमा प्रवेश गर्ने भएकाले आज मन प्रसन्न र उत्साहले भरिनेछ।

**वृश्चिक :** वैदेशिक क्षेत्रसँग सम्बन्धित कामहरूमा केही ढिलासुस्ती हुन सक्छ।

**धनु :** मित्र तथा दाजुभाइको भरपूर सहयोगले ठूला कामहरू सम्पन्न हुनेछन्।

**मकर :** राजनीति तथा सामाजिक क्षेत्रमा संलग्न व्यक्तिहरूका लागि दिन विशेष उपलब्धिको रहनेछ।

**कुम्भ :** भाग्यले पूर्ण रूपमा साथ दिने हुनाले धार्मिक तथा आध्यात्मिक कार्यमा मन जानेछ।

**मीन :** सवारी साधन चलाउँदा वा जोखिमपूर्ण कार्य गर्दा विशेष ध्यान दिनुहोला।



**राशिफल जे जस्तो भएपनि तपाईंको दिन शुभ रहोस् ।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
**जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२**

# चापाकल सुकेपछि खानेपानी सङ्कट: एउटै पम्पको भरमा दुई सय परिवार



तस्बिर: सुरेश राय/नेपाल फोटो लाइब्रेरी

**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ २९ गते**

घरको आँगनमै भएको चापाकलमा पानी नआउँदा सिरहाको गोलबजार नगरपालिका-१२ बेतौनी-हरिहरपुरका स्थानीयले खानेपानीको सङ्कट भोग्नुपरेको छ । करिब २ सय घरपरिवार पानी भर्न छिमेकीको सबमर्सिबल पम्पमा लाइन बसेर पानी ल्याउन बाध्य छन् ।

गाउँकै मोहन झाको घरमा जडान गरिएको सबमर्सिबल पम्पको भरमा स्थानीय बस्नुपरेको छ । दुई बाल्टी पानी भर्न घण्टौं कुर्नुपर्ने अवस्था छ ।

'बेतौनामा पछिल्लो पाँच वर्षदेखि पानीको समस्या बढ्दो छ,' झाले भने, 'असार-साउनमा राम्रो पानी पर्दा मङ्सिर-पुससम्म चापाकलमा थोरै-थोरै पानी आउँथ्यो । यस वर्ष लामो समयदेखि पर्याप्त पानी नपर्दा चापाकलबाट पानी आउनै छाडेको छ ।'

झाका अनुसार खडेरीका कारण खेतमा धान सिँचाइ गर्न एकैपटक मोटर र दमकल सञ्चालन हुँदा भूमिगत पानीमा थप दबाब परेको छ । तत्काल वैकल्पिक व्यवस्था नगरे बेतौनाबासीले अझ ठुलो पानी सङ्कट बेहोर्नुपर्ने उनको अनुमान छ ।

यो वर्षको लामो खडेरीले बेतौनामा घरेलु प्रयोजनका लागि मात्र नभई कृषि उत्पादनमा समेत असर पार्ने देखिएको छ । पर्याप्त वर्षा नहुँदा खेतमा सिँचाइको माग बढेको छ । भूमिगत पानीको अत्यधिक दोहनले

बाँकी पृष्ठ ४

## अस्थायी कर्मचारीको दरबन्दी स्वीकृत नभएपछि .............

संस्थाको आवश्यकता र उपलब्ध जनशक्तिको अवस्थाका आधारमा अस्थायी दरबन्दी स्वीकृत गर्ने गरिए पनि चालु आर्थिक वर्षका लागि भने हालसम्म निर्णय हुन सकेको छैन । दरबन्दी स्वीकृत नहुँदा वर्षौंदेखि अस्थायी रूपमा काम गर्दै आएका स्वास्थ्यकर्मीसमेत आफ्नो रोजगारीको निरन्तरताबारे अन्योलमा छन् ।

मन्त्रालयले दरबन्दी स्वीकृत नभएसम्म अस्थायी कर्मचारीलाई काममा खटाए वा हाजिर गराए त्यसको सम्पूर्ण जिम्मेवारी सम्बन्धित निकायका प्रमुखले लिनुपर्ने स्पष्ट गरेको छ । यसले अस्पताल प्रशासनलाई आवश्यक जनशक्ति व्यवस्थापन गर्न थप कठिनाइ भएको देखिन्छ ।

सूचना अधिकारी मिश्रले भने स्वास्थ्य संस्थाको आवश्यकता र अस्थायी दरबन्दीमा कार्यरत जनशक्तिको विवरणका आधारमा चालु आर्थिक वर्षका लागि दरबन्दी स्वीकृतिको प्रक्रिया अघि बढाउने तयारी भइरहेको बताए । तर, मन्त्रिपरिषद्बाट दरबन्दी स्वीकृतिमा भइरहेको ढिलाइले स्वास्थ्य संस्थाको जनशक्ति व्यवस्थापनमा समस्या भइरहेको छ ।






# वीरगन्जका मेयर राजेशमानसहित सात जनालाई भ्रष्टाचार मुद्दामा सफाइ




**अपन दैनिक संवाददाता**
**काठमाडौं, भदौ २९ गते**

विशेष अदालतले वीरगन्ज महानगरपालिकाका मेयर राजेशमान सिंहसहित सात जनालाई भ्रष्टाचार मुद्दामा सफाइ दिएको छ ।

किर्ते कागजातका आधारमा जन्मदर्ता र नागरिकता बनाएको आरोपमा मेयर सिंहसहित सात जनाविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गत जेठ २५ गते भ्रष्टाचार मुद्दा दायर गरेको थियो ।

सोमबार विशेषका न्यायाधीशहरू वासुदेव आचार्य, हेमन्त रावल तथा डिल्लीरत्न श्रेष्ठको इजलासले सोमबार सफाइ दिने फैसला गरेको हो । आयोगले तीन कर्मचारी, तत्कालीन वडाध्यक्ष र वडासचिव तथा नागरिकता लिने युवतीविरुद्ध गलत लिखत तयार पारेको सम्बन्धी भ्रष्टाचार मुद्दा दायर गरेको थियो ।

मेयर सिंहले वडा कार्यालय तथा जिल्ला प्रशासन कार्यालयका कर्मचारीसँग मिलेमतो गरी अर्काकी छोरीलाई आफ्नी छोरीका रूपमा देखाएर जन्मदर्ता तथा नागरिकता बनाएको अभियोग थियो ।

यस सम्बन्धमा उजुरी परेपछि गठन गरिएको छानबिन समितिलाई समेत उनले प्रभावित पारेको अख्तियारको दाबी थियो । मुद्दा दायर भएसँगै उनी निलम्बनमा परेका थिए ।

अख्तियारले वीरगन्ज महानगरपालिका- ३ का तत्कालीन वडासचिव भिखारी राय, कार्यवाहक वडाध्यक्ष तुफैल अख्तर ठकुराई तथा पर्साका तत्कालीन प्रशासकीय अधिकृत षडकुमार पोखरेललगायतविरुद्ध मुद्दा दायर गरेकामा उनीहरूले पनि

बाँकी पृष्ठ ४

## गोलबजारमा १२ वर्षपछि गाउँ ब्लक जग्गा दर्ता प्रक्रिया .............

वडाध्यक्ष सुकदेव सिंहका अनुसार लहानस्थित नापी कार्यालयमा पुगेर निवेदन दिन स्थानीयलाई अतिरिक्त समय र खर्च लाग्ने तथा आवश्यक कागजात तयार गर्नसमेत झन्झट हुने भएकाले वडा कार्यालयबाटै निवेदन लिने व्यवस्था गरिएको हो ।

'वडाको निरन्तरको समन्वय र पहलमा लहानबाट नापी कार्यालयका कर्मचारीलाई वडामै ल्याएर गाउँ ब्लक जग्गा दर्ताको प्रक्रिया अघि बढाउन लागेका हौँ,' उनले भने, 'जग्गाधनीको सहजताका लागि वडाले तयार गरेको निवेदनमा सहीछाप गराई नेपाली नागरिकताको प्रतिलिपि, २ नं. नापी टोलीबाट प्रकाशित सूचना र १० रुपैयाँको टिकटसहित निवेदन लिने व्यवस्था गरेका छौं ।'

वडाका अनुसार भदौ २९ गतेदेखि एक सातासम्म कार्यालय समयमा सम्बन्धित जग्गाधनीबाट निवेदन लिइनेछ ।

राज्य पुनर्संरचनाअघि आर्थिक वर्ष २०७१/७२ मा साबिक लालपुर गाविसअन्तर्गत वडा नं. २ देखि ८ सम्म २७ कित्तामा करिब २० बिघा गाउँ ब्लक जग्गा नापी भएको थियो । नापी भएका कित्तामध्ये साबिक लालपुर-२ का कित्ता नं. ४५ र १०६, वडा नं. ३ का १५, १८, २७, ५६ र १५७ तथा वडा नं. ४ का १०३ र १०७ छन् ।

त्यस्तै वडा नं. ५ का ५४, ७३, १४७ र १६१, वडा नं. ६ का १६, २०, २५, ४० र ११४, वडा नं. ७ का १, ६ र ४३ तथा वडा नं. ८ का ४१, ६५, ७२, ७६, ८५ र १४० नम्बर कित्ता गाउँ ब्लकका रूपमा नापी भएको वडाध्यक्ष सिंहले बताए ।

नापी भएको एक दशकभन्दा बढी समय बितिसक्दा पनि जग्गाधनी दर्ता प्रक्रिया अघि नबढ्दा स्थानीय बासिन्दा लामो समयदेखि आफूले भोगचलन गर्दै आएको जग्गाको कानुनी स्वामित्वबाट वञ्चित हुँदै आएका थिए । दर्ता प्रक्रिया अघि बढेपछि उनीहरूलाई जग्गाको स्वामित्व सुनिश्चित हुने अपेक्षा गरिएको छ ।

### के हो गाउँ ब्लक जग्गा ?

गाउँ ब्लक क्षेत्रको नापजाँचसम्बन्धी निर्देशिका, २०७७ अनुसार सुरु नापीका क्रममा फिल्डबुकमा कित्ता कायम भई गाउँ ब्लक, गाउँ, सहर, बजार क्षेत्र, डिही, घरबास, स्वबासी वा अन्य विभिन्न नाममा उल्लेख भएको तर दर्ता हुन बाँकी क्षेत्रलाई गाउँ ब्लक भनिन्छ ।

त्यस्तै, फिल्डबुकमा गाउँ ब्लक उल्लेख नभए पनि परापूर्वकालदेखि बस्ती रहेको प्रमाणित हुने आधार भएको क्षेत्र, सुरु नापीका क्रममा कित्ता कायम नगरिएको तर नक्साको मार्जिनमा गाउँ, नगर, बजार वा सहरी ब्लक कायम भएको क्षेत्र तथा नेपाल सरकारको निर्णयबाट गाउँ ब्लकका रूपमा निर्धारण गरिएको क्षेत्रलाई समेत निर्देशिकाले गाउँ ब्लक मानेको छ ।

यस्ता जग्गाको नापी भइसकेपछि पनि दर्ता प्रक्रिया लामो समयसम्म अघि नबढ्दा भोगचलनकर्ताले स्वामित्वसम्बन्धी कानुनी समस्या झेल्दै आएका छन् ।







# सडकपेटीमा सुत्केरी भएकी बबिताकुमारी पासवान उपचारपछि घर फर्किइन्

अपन दैनिक संवाददाता
राजविराज, भदौ २९ गते



राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा रगत परीक्षणका लागि पैसा नपुगेपछि सडकपेटीमै शिशु जन्माएकी राजविराज-१४, पर्साहीकी ३० वर्षीया बबिताकुमारी पासवान शिशुसहित घर फर्केकी छन्।

उनले बुधबार बिहान साढे ४ बजेतिर अस्पतालनजिकै सडकपेटीमा शिशु जन्माएको भिडियो सीसीटीभीमा रेकर्ड भएको थियो । ती भिडियो सामाजिक सञ्जालमा छ्यापछ्याप्ती भएपछि त्यहीँ दिन दिउँसो स्वास्थ्यकर्मीसहितको टोली उनको घरमा पुगेर बबिता र शिशुलाई अस्पताल ल्याएर भर्ना गरेको थियो। ५ दिनसम्म बबिता र शिशुको उपचारपछि सोमबार साँझ डिस्चार्ज गरिएको अस्पतालका निमित्त प्रमुख मेडिकल सुपरिन्टेन्डेन्ट डा.रञ्जितकुमार झाले बताए।

उनकाअनुसार बबिता र शिशुलाई निःशुल्क उपचार गरेर पठाइएको हो । 'सुरुमा बबितालाई समान्य ज्वरो थियो,' उनले भने, 'पूर्ण रुपमा निको भएपछि हामीले डिस्चार्ज गरेर एम्बुलेन्समा घर पठाएका छौं।' घटनापछि स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, नेपाल मेडिकल काउन्सिल र जिल्ला प्रशासन कार्यालयले सत्यतथ्य छानबिन गर्न समिति बनाएको थियो। तर, प्रतिवेदन भने हालसम्म सार्वजनिक भएको छैन । ती समितिहरुको प्रतिवेदन नआएसम्मका लागि अस्पताल प्रशासनले एक चिकित्सक, दुई स्वास्थ्य र तीन जना कर्मचारीलाई सेवाबाट हटाएको छ।

## जलवायु अनुकूलनका अनुभव आदान-प्रदान गर्न ...............

खडेरी पर्नेजस्ता घटनाले उत्पादन प्रणालीलाई जोखिममा पारेका छन्। बाढी र डुबानका कारण खेतीयोग्य जमिन तथा बालीमा क्षति हुने गरेको छ भने गर्मी र सुख्खाले कृषि तथा खानेपानीमा थप दबाब सिर्जना गरेको छ।

मनिलामा आयोजना हुने फोरममा जलवायु अनुकूलनका अन्तर्राष्ट्रिय अभ्यास, लगानीका सम्भावना तथा विभिन्न देश र सरकारबीच सहकार्यका विषयमा छलफल हुने बताइएको छ । फोरममार्फत मधेश प्रदेशले आफ्ना जलवायु जोखिम तथा अनुकूलनका प्राथमिकता अन्तर्राष्ट्रिय समुदायसमक्ष प्रस्तुत गर्ने अवसर प्राप्त गर्ने अपेक्षा गरिएको छ।

भ्रमणका क्रममा बाढी तथा डुबान नियन्त्रण, पानी संरक्षण, सिँचाइ प्रणालीको सुधार, जलवायु अनुकूल कृषि प्रविधि, भूमिगत पानीको संरक्षण र अत्यधिक गर्मीबाट हुने जोखिम न्यूनीकरणका क्षेत्रमा आवश्यक ज्ञान, प्रविधि तथा लगानीका सम्भावनाबारे अनुभव आदान-प्रदान हुने अपेक्षा गरिएको छ। नेपाली कांग्रेसका नेता चन्द्रशेखरकुमार यादवले मधेशले जलवायु परिवर्तनबाट भोगिरहेको जोखिमलाई अन्तर्राष्ट्रिय मञ्चमा प्रस्तुत गर्दै अनुकूलन तथा जोखिम न्यूनीकरणका क्षेत्रमा लगानी र सहकार्यको सम्भावना खोज्न भ्रमण उपयोगी हुने बताउनुभयो।

"मधेशका लागि जलवायु परिवर्तन अब भविष्यको सम्भावित जोखिम मात्र नभई वर्तमानकै चुनौती बनिसकेको छ," उहाँले भन्नुभयो, "बाढी, डुबान र सुख्खासँगै कृषि तथा खानेपानी क्षेत्रमा परेको असरलाई सम्बोधन गर्न अन्तर्राष्ट्रिय अनुभव र लगानी उपयोगी हुन सक्छ।"

उहाँका अनुसार जलवायु परिवर्तनलाई विपद् व्यवस्थापनमा मात्र सीमित नगरी कृषि रूपान्तरण, खानेपानी, सिँचाइ, पूर्वाधार, सहरी योजना तथा दिगो विकाससँग जोडेर अघि बढाउन आवश्यक छ। मधेशमा जलवायु अनुकूलनका लागि बाढी नियन्त्रण तथा पानी संरक्षणका संरचना, सिँचाइ प्रणालीको आधुनिकीकरण, जलवायु अनुकूल कृषि प्रविधि र भूमिगत पानी संरक्षणलगायत क्षेत्रमा थप लगानी आवश्यक देखिएको छ।

अन्तर्राष्ट्रिय फोरमबाट प्राप्त ज्ञान, प्रविधि र सहकार्यका अवसरलाई प्रदेशको नीति, योजना तथा बजेटमा समेटेर कार्यान्वयन गर्न सके मात्र भ्रमणको उपलब्धि प्रदेशले प्रत्यक्ष रूपमा हासिल गर्न सक्ने देखिन्छ। त्यसका लागि फोरममा प्रस्तुत हुने विषय र प्राप्त हुने अवसरलाई प्रदेशका जलवायु अनुकूलन प्राथमिकतासँग जोड्नु महत्वपूर्ण हुनेछ ।मधेशमा जलवायुजन्य जोखिम बढ्दै गएकाले 'अनुकूलनका लागि लगानी' लाई विकास योजनाको अभिन्न हिस्साका रूपमा अघि बढाउनुपर्ने आवश्यकता देखिएको छ।

## सिंहदरबारबाट कक्षाकोठासम्मः समयसापेक्ष शिक्षा नीति ............

उपयुक्त स्थान छनोटका लागि अध्ययन समिति गठन गर्ने र आगामी तीन वर्षभित्र पठनपाठन सुरु गर्ने तयारी भइरहेको उनको भनाइ छ।

यस्तो पहल कार्यान्वयन भयो भने त्यसको महत्व एउटा नयाँ क्याम्पस थपिनुमा मात्र सीमित हुने छैन । यसले उच्च शिक्षाको भौगोलिक पहुँच विस्तार गर्नुका साथै प्राविधिक जनशक्ति उत्पादन, स्थानीय अनुसन्धान र नवप्रवर्तनको वातावरण निर्माणमा योगदान पुर्‍याउन सक्छ।

**नीति सिंहदरबारमा, प्रभाव कक्षाकोठामा**

नेपालको शिक्षा नीति निर्माणमा लामो समयदेखि एउटा समस्या देखिँदै आएको छ। नीति निर्माणको केन्द्र र कार्यान्वयनको क्षेत्रबीचको दूरी रहनु मुख्य चुनौतीका रूपमा देखिएको राष्ट्रिय पाठ्यक्रम प्रारूप परिमार्जन कार्यदलका संयोजक प्राडा लुइँटेलले बताए । सिंहदरबारमा नीति बन्यो, निर्देशिका बन्यो र कार्यान्वयनका लागि स्थानीय तह तथा विद्यालयमा पठाइयो। तर त्यो नीति कार्यान्वयन गर्ने शिक्षक, विद्यालय र विद्यार्थीले के भोगिरहेका छन् भन्ने कुरा नीति निर्माणको तहमा पर्याप्त रूपमा पुग्न सकेन भन्ने गुनासो बारम्बार सुनिँदै आएको छ।

**विद्यालय शिक्षा कागजमा मात्र चल्ने विषय होइन**

काठमाडौंको एउटा बैठकमा बनाइएको पाठ्यक्रम सिरहाको एउटा विद्यालयमा पुग्दा त्यसको अर्थ बदलिने प्राडा लुइँटेलको भनाइ छ। "एउटै देशभित्र भाषा, भूगोल, आर्थिक अवस्था, सामाजिक संरचना र अवसरमा ठूलो विविधता छ। त्यसैले, राष्ट्रिय पाठ्यक्रममा राष्ट्रिय चरित्र कायम राख्दै स्थानीय आवश्यकतालाई सम्बोधन गर्ने पर्याप्त लचकता आवश्यक छ", उनले भने।

यस अर्थमा स्थलगत क्षेत्रमा पुगेर सुझाव संकलन गर्ने अहिलेको अभ्यास सकारात्मक सुरुवातका रूपमा रहेको संयोजक लुइँटेलले बताए। तर यसको वास्तविक परीक्षा सुझाव संकलनमा होइन, संकलित सुझावमध्ये कति कुरा अन्तिम पाठ्यक्रममा समेटिन्छन् भन्नेमा हुने उनको भनाइ छ।

"मन्त्री वा मन्त्रालयले कति जिल्ला भ्रमण गर्‍यो भन्नेभन्दा महत्वपूर्ण विषय ती भ्रमणबाट के सिकियो भन्ने हो। कति सुझाव संकलन भयो भन्नेभन्दा महत्वपूर्ण कुरा ती सुझावले नीतिमा कस्तो परिवर्तन ल्याए भन्ने हो", उनले भने।

**परिणामले देखाउनेछ सुधारको दिशा**

शिक्षा सुधार भाषणबाट होइन, परिणामबाट प्रमाणित हुनुपर्ने प्राडा लुइँटेलले जोड दिए । विद्यार्थीले विद्यालयमा सिकाइप्रति रुचि देखाउन थाले कि थालेनन् ?, शिक्षकलाई पढाउन सहज भयो कि भएन ?, अभिभावकले आफ्ना बालबालिकाको शिक्षामा परिवर्तन महसुस गरे कि गरेनन् ?, विद्यालयबाट निस्किएको विद्यार्थीले सिकेको ज्ञान र सीपलाई जीवन तथा रोजगारीमा प्रयोग गर्न सक्यो कि सकेन ? लगायत विषय महत्त्वपूर्ण हुने उनको भनाइ छ।

अन्ततः सरकार र शिक्षा मन्त्रालयको मूल्याङ्कन यिनै प्रश्नबाट हुनेछ । त्यसैले सिराहाको एउटा कार्यक्रमको घटनालाई राजनीतिक आरोप-प्रत्यारोपको विषय बनाइरहनुभन्दा त्यसले उठाएको ठूलो प्रश्नतर्फ फर्किन आवश्यक छ । नेपालको शिक्षा नीति साँच्चिकै विद्यालय र विद्यार्थीको आवाज सुनेर बन्ने हो कि फेरि पनि सिंहदरबारमै बसेर तयार हुने हो ? भन्ने विषय महत्त्वूर्ण रहन्छ।

अहिले सुरु भएको सुझाव तथा पृष्ठपोषण संकलनले पहिलो बाटो रोज्ने अवसर दिएको छ। तर यो अवसरलाई परिणाममा बदल्न सरकारको प्रतिबद्धता मात्र पर्याप्त हुँदैन। शिक्षक, विद्यार्थी, अभिभावक, स्थानीय सरकार, शिक्षाविद् र राजनीतिक दल सबैको रचनात्मक सहभागिता आवश्यक हुन्छ।

शिक्षामा परिवर्तन एक दिनमा आउँदैन। एउटा मन्त्रीको कार्यकालले मात्र पनि त्यसलाई पूरा गर्न सक्दैन। तर सही दिशामा सुरु गरिएको एउटा प्रक्रिया भने पुस्तौंसम्म प्रभाव पार्न सक्छ। त्यसैले अहिलेको बहस कुनै व्यक्ति विशेषको पक्ष वा विपक्षमा होइन, हाम्रा विद्यालय कस्ता हुने, हाम्रा विद्यार्थीले के सिक्ने र आगामी पुस्तालाई कस्तो शिक्षा दिने भन्ने विषयमा केन्द्रित हुनुपर्छ।

# पाँच कारणले मधेशमा घट्दै छ बालेन क्रेज, के छठपछि ठूलो आन्दोलन हुँदै छ ?

## अमरेश-उपेन्द्रको चेतावनीको अर्थ के हो ?

अपन दैनिक संवाददाता
काठमाडौं, भदौ २९ गते



राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद अमरेशकुमार सिंह २५ भदौमा निकै चर्को सुनिए, प्रधानमन्त्री वालेन्द्र शाह बालेन र उनका मुख्य राजनीतिक सल्लाहकार कुमार बेनविरुद्ध। सिंहले प्रधानमन्त्री बालेनको आलोचना गरेको पहिलोपटक भने होइन, संसदमा बजेट प्रस्तुत हुनुअघि नै सरकारविरुद्ध फायर खोलेका थिए। त्यतिबेला भने प्रधानमन्त्री बालेनभन्दा पनि अर्थमन्त्री स्वर्णिम वाग्लेविरुद्ध थियो।

जे होस्, गत जेठ महिनादेखि सांसद सिंह आफ्नै पार्टीबाट निर्वाचित प्रधानमन्त्री बालेनविरुद्ध केन्द्रित देखिएका छन् । त्यसैले, सिंहलाई प्रमुख प्रतिपक्षीको रूपमा पनि टिप्पणी भइरहेको छ।

सिंहले संसदमा प्रधानमन्त्री बालेन र उनको सचिवालयविरुद्ध चर्को बोलेको भोलिपल्ट उपेन्द्र यादवले छठपछि मधेशमा आन्दोलन हुने बताए । सरकारले मधेशलाई हेपेको भन्दै यादवले आन्दोलनको चेतावनी दिएका हुन्। हुन त, यही कुरा सिंहले पनि केही महिनाअघि नै बोलेका थिए। छठपछि मधेशमा आन्दोलन हुने सिंहको भनाइ आक्रोशसँग जोडिएको छ वा रणनीतिसँग भन्ने चाहिँ प्रस्ट भएको छैन । र, सिंह नै पछिल्ला दिनमा रसुवामा आएको बाढीका कारण आन्दोलन केही समयका लागि धकेलिएको विश्लेषण पनि सुनाइरहेका छन्।

सिंह र यादव मधेशको राजनीतिमा दुई धार हुन्। खोलाको दुई किनाराजस्ता यी नेताको साझा मतचाहिँ बालेनविरुद्ध आन्दोलन हुनेमा देखिएको छ। त्यसैले, मधेश पछिल्ला दिनमा प्रधानमन्त्री बालेनविरुद्ध देखिन थालेको सन्देशचाहिँ बुझ्न सकिन्छ।

मधेशकेन्द्रित दलका नेताहरू, अन्य राजनीतिक विश्लेषकहरूको बुझाइमा बालेनको लोकप्रियताको ग्राफ मधेशमा गिर्दो छ । यद्यपि, उनको विकल्पमा सडकमा आइहाल्ने अवस्था भने बनिसकेको छैन। उनीहरूको बुझाइमा बालेनविरुद्ध आन्दोलन भइहाल्नेभन्दा पनि जनमत मात्रै घट्न थालेको हो। र, अहिलेकै दलका नेताहरूको अगुवाइ वा आग्रहमा आन्दोलन हुने सम्भावना पनि देखिएको छैन।

मधेशमा खासगरी पाँचवटा कारणले बालेनको लोकप्रियता घट्न थालेको हो। एक, भारतीय बजारमा खरिद गर्दा एक सयभन्दा बढीको भन्सारबाट ल्याउन नपाउने व्यवस्था । दोस्रो, बजेट । तेस्रो, मधेशी मन्त्रीलाई गरिएको निरन्तरको राजीनामा। चौथो, प्रदेशसभा कमजोर बनाउने प्रयास। पाँचौं, धार्मिक मुद्दा।

मधेशी नेताहरूको भनाइमा सरकारले सय रुपैयाँ प्रकरणले मधेशका धेरै नागरिकलाई चोट पुगेको छ। त्यसले आक्रोश पनि बढाएको छ। त्यति मात्र होइन, उनीहरूको जीविकामा अप्ठ्यारो पनि पारेको छ। त्यस कारण, पछिल्ला दिनमा पनि बालेनविरुद्ध जनमत बन्नलाई सहयोग पुगेको छ। अर्कोतिर, सुरुकै दिनदेखि मधेशी मन्त्रीलाई निरन्तर हटाउने काम पनि बालेनबाट भएको छ।

जस्तो; तत्कालीन श्रममन्त्री दीपक साहलाई १३ दिनमै प्रधानमन्त्री बालेनले हटाए । साह विवादमा तानिएपछि उनलाई हटाउने प्रयास जति चाँडो भयो, त्यसरी नै उद्योगमन्त्री गौरीकुमारी यादवलाई पनि हटाउन प्रधानमन्त्री बालेन सक्रिय भएको मधेशी नागरिकको बुझाइ छ । संयोगले दुवै जना मधेशी मूलका मन्त्री थिए। र, मधेश प्रदेशकै थिए। त्यसले मधेश प्रदेशमा पछिल्ला दिनमा बालेनले मधेशी नेता र मन्त्रीलाई डिफेम गरेको आरोप लाग्न थालेको छ र त्यसले पनि नकारात्मकता बढाउन भूमिका खेलेको छ।

त्यति मात्र होइन, मधेश प्रदेशको राजधानी जनकपुरमा पुगेर बालेनले चुनावी भाषणको बेलामा प्रदेश बलियो बनाउने भनेका थिए। तर, प्रधानमन्त्री भएपछि प्रदेश बलियो बनाउने भूमिका निर्वाह नगरेको आरोप पनि लागेको छ। जस्तो; उनले सहजै गर्न सक्ने प्रदेश प्रहरीसम्बन्धी व्यवस्थामा चासो नदिएको आरोप पनि मधेशका नेताहरूको भनाइ छ। त्यसमा थपिएको भने बजेट पनि हो । मधेशी सांसदहरूलाई वास्तै नगरी बजेट विनियोजन भएको र मधेशका लागि अपेक्षित बजेट विनियोजन नभएको पनि रास्वपाकै सांसदहरूको गुनासो छ । बजेटमा कार्यक्रम समेट्नका लागि प्रधानमन्त्री र अर्थमन्त्री कसैसँग छलफल गर्न नपाएको गुनासो पनि ती सांसदहरूले सार्वजनिक रूपमै गर्दै आएका छन्।

त्यसो त मधेशमा केही साताअघि सल्किएको धार्मिक विवाद र झडपले पनि प्रधानमन्त्री बालेनको लोकप्रियताको ग्राफ घटाउने भूमिका निर्वाह गरेको छ । सुनसरीबाट फैलिएको त्यो धार्मिक विवाद वीरगञ्जसम्म फैलिएको थियो । त्यसबीचमा केही मानिसको हत्या पनि भयो, जसले गर्दा प्रधानमन्त्री बालेनको लोकप्रियतामा गिरावट आउन सहयोग गरेको विश्लेषण छ।

यद्यपि, बालेनविरुद्धको जनमत भने तत्काल सडकमा पोखिने सम्भावना कम रहेको विश्लेषण गरिन्छ। मधेशी नेताहरूकै भनाइमा पनि अहिले बढ्न थालेको जनमत आन्दोलनका लागि भन्दा पनि स्थानीय तहको चुनावमा प्रकट हुनेछ। मधेशकेन्द्रित दलका एक नेताले पनि त्यही कुरा बताए। ती नेताले भने, 'अहिले बालेनविरुद्ध आन्दोलन हुने सम्भावना छैन, जनमत मात्रै घढ्न थालेको हो। त्यो जनमत स्थानीय तहको चुनावमा देखिने सम्भावना छ।'

## वीरगन्जका मेयर राजेशमानसहित .............

सफाइ पाएका छन्।

आरोपपत्रअनुसार सिंहले रिता भट्टराईलाई आफ्नो छोरी रुबिना श्रेष्ठ भएको भन्दै झुटो विवरण प्रस्तुत गर्दै सूचकको रूपमा फाराम भरेर वीरगन्ज महानगरपालिका- ३ को कार्यालयमा जन्मदर्ताका लागि निवेदन दिएको दाबी थियो। सोही आधारमा ०७१ कात्तिक २० गते जन्मदर्ता प्रमाणपत्र जारी गरिएको थियो।

त्यसपछि उक्त जन्मदर्ता प्रमाणपत्रका आधारमा नागरिकताका लागि सिफारिस भएबमोजिम १३ साउन ०७५ मा जिल्ला प्रशासन कार्यालयबाट रुबिना श्रेष्ठका नाममा नेपाली नागरिकता प्रमाणपत्र जारी गरिएको थियो।

अख्तियारले जन्मदर्ता प्रमाणपत्र जारी गर्ने क्रममा जानी-जानी गलत लिखत तयार पारिएको, सरकारी कागजातमा गैरकानुनी रूपमा हेरफेर गरिएको, अभिलेख लुकाइएको तथा नष्ट गर्ने कार्यसमेत भएको आरोप लगाएको थियो।

## चापाकल सुकेपछि ......

खानेपानीका स्रोतसमेत सुक्दै गएका छन्।

बेतौना मात्र होइन, पछिल्ला वर्षमा तराई-मधेशका विभिन्न क्षेत्रमा भूमिगत पानीको सतह घट्दै जाँदा खानेपानीको सङ्कट गहिरिएको छ। चुरे क्षेत्रको अनियन्त्रित दोहन, अनियमित वर्षा, लामो खडेरी, भूमिगत पानीको अत्यधिक प्रयोग, परम्परागत पोखरी तथा जलाशयको अतिक्रमण र बढ्दो तापक्रमले पानीको प्राकृतिक पुनर्भरण प्रणाली कमजोर बनाएको छ।

